फ़ान न ०७१ ५७०२२२

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुपन्देही

प.सं.:- ०७९/०८०
च.नं :

मिति २०७९/१०/२३

(प्रथम पटक प्रकाशित)

यस कार्यालयको आ.व. २०७९/०८० मा स्वीकृत **कृषि वन तथा वृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम** अन्तर्गतको **एक पालिका एक नमुना कृषि वन कार्यक्रम** कार्य गर्न लागि इच्छुक निजी जग्गा धनी, संघसंस्था तथा कृषक समूहहरुले तोकिएको ढाँचामा प्रस्ताव सहित दरखास्त आवहानका लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशन गरेको मितिले २१ दिन (मिति २०७९/११/१४ गते) भित्र तोकिएको ढाँचाको प्रस्ताव सहित निवेदन यस कार्यालयमा दर्ता गराउनु हुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | आयोजना/क्रियाकलापको विवरण | इकाई | परिमाण | कुल स्वीकृत बजेट रु लाखमा | प्रस्ताव पेश गर्ने सम्भावितत साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एक पालिका एक नमुना कृषि वन कार्यक्रम | पालिका | १० | ५० | निजी जग्गा धनी/ संघसंस्था/कृषक समूहहरु/कृषि फर्म/कम्पनी/ उद्यमिहरु | स्वीकृत कार्यविधिको अधिनमा रही आवश्यकता अनुसार प्रत्येक पालिकामा दुई वा दुई भन्दा बढी प्रस्तावकहरुलाई अनुदान रकम उपलब्ध गराउन सकिनेछ। |

## पेश गर्नु पर्ने कागजातहरु

**कृषि वन धनी/ कृषकले पेश गर्नु पर्ने कागजातहरु :**

- नेपाली नागरिकताको छायाँप्रति
- जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति
- चालु आ.व. २०७९।८० मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति
- जग्गाको नक्सा
- रु १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत



CamScanner

फान न ०७१ ५७०२२२

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, रुपन्देही

प.सं.:- ०७९/०८०
च.नं :

**संघसंस्था/कृषक समूहहरु/सहकारी संस्था/कृषि वन समूह/कृषि फर्म/ कम्पनी/उद्यमिहरुले पेश गर्नु पर्ने कागजातहरु :**

- समितिको निर्णय प्रतिलिपी
- PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- गत आ.व. २०७८।७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
- कार्यक्रम कार्यान्वयन हुने स्थल (जग्गा) को स्वामित्व देखिने कागजात (जग्गाधनी प्रमाणपूर्जा) को प्रतिलिपी
- चालु आ.व. २०७९।८० मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति
- जग्गा लिजमा लिएको भए १० बर्षे करारनामा वा समझौता पत्र
- प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संघसंस्था/कृषक समूहहरु/कृषि फर्म/ कम्पनी दर्ता एवं नविकरण भएको प्रमाणपत्र
- गत आ.व. २०७८।७९ को लेखा परिक्षण प्रतिवेदन
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव
- कृषि वन प्रवर्धन गर्न सकिने जग्गाको तस्बिर

## एक पालिका एक नमुना कृषि वन कार्यक्रमको लागि पेश गर्नु पर्ने प्रस्तावनाको ढाँचा

१. परिचय : (संस्था/निजी कृषकको परिचय, कार्यक्षेत्र, कार्य विषय र अनुभव लेख्ने)

२. उद्देश्य

३. कृषि वन प्रवर्धन गर्न चाहेको जग्गाको ठेगाना, चार किल्ला, क्षेत्रफल, कित्ता नं आदि ।

४. कृषि वन प्रवर्धन गर्न चाहेको क्षेत्रको भूगोल, संरचना, पूर्वाधार क्षमता आदि विवरणका साथै अवस्थिति झल्किने नक्सा, क्षेत्रफल (सम्भव भए जी.पी.एस. लोकेशन सहित)

५. अन्य निकाय संघ संस्थासंग समन्वयन गरी कार्य गरेको/ गर्ने भए सो को विवरण

६. कृषि वन संचालनमा सरोकारवाला /साझेदारहरु को को छन् ?

७. हालसम्मको अनुभव र उपलब्धिहरु

८. उद्देश्य हासिल गर्नका लागि अपनाइने कियाकलाप

९. अपेक्षित उपलब्धिहरु

१०. आर्थिक प्रस्ताव

१०.१ व्यक्ति/संस्थाले व्यहोर्ने अंश (प्रतिशतमा)

१०.२ डि.व.का. बाट अपेक्षा गरिएको अंश (प्रतिशतमा)

११. विविध



CamScanner

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, रुपन्देही

फान न ०७१ ५७०२२२

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत

प.सं.:- ०७९/०८०
च.नं :

मूल्याङ्कनका आधारहरु

| क.स. | सूचक | भार (प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १ | योजनाको स्पष्टता | २५ | कहाँ, कति, के, कसरी, कहिले |
| २ | स्थान उपयुक्तता | २० | स्थान अनुसारको प्रजाति छनौट |
| ३ | दिगोपना | १५ | संरक्षण तथा आगामी वर्षहरुमा सञ्चालन |
| ४ | वातावरणमैत्री | १५ | वतावरणमा के कस्तो प्रभाव पार्ने |
| ५ | स्थानीय रोजगारी | १० | स्थानीय स्तरमा के कति रोजगारी सिर्जना हुने |
| ६ | लगानी सहभागिता | १० | लगानीको प्रतिशत |
| ७ | सामूहिकता | ५ | सामूहिक रुपमा एउटै क्लष्टरमा कृषि वन प्रणाली अपनाउने |

**नोट :**

- प्रस्तावकहरुले प्राप्त गरेको अंकलाई आधार मानी पहिलो हुने विजेता सिद्धान्तका आधारमा विनियोजित वजेटले पुग्ने गरी प्रत्येक पालिकामा कम्तिमा ५ हे. क्षेत्रमा कृषि वन प्रवर्धन गर्न स्वीकृत वार्षिक कार्यक्रम कार्यन्वयन कार्यविधिको अधीनमा रही सम्झौता गरिने ।
- गरिब, विपन्न तथा महिला समूह र सरकारी निकायले कार्यक्रम सञ्चालन गर्दा नगद साझेदारीको आवश्यकता नपर्ने तर यि बाहेकका व्यक्ति, समूह, सहकारी, संघ संस्था आदिबाट कम्तिमा ५०/५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नेलाई प्राथमिकता दिइने ।

थप जानकारीको लागि कार्यालय समय भित्र फोन नं. ०७१-५७०२२२ मा सम्पर्क गर्नुहुन वा यस कार्यालयका कृषि वन प्राविधक श्री सुरज घिमिरे को मो न ९८६७५०००३३ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

CamScanner